## मादी नगरपालिका

# स्थानीय राजपत्र

खण्ड : १ | संख्या : ९ | मितिः २०८१।१०।०३


# भाग-१


### मादी नगरपालिका द्वारा प्रकाशित


## नगर प्रहरी सञ्चालन तथा व्यवस्थापन सम्बन्धी ऐन, २०८१

# मादी नगरपालिका

# नगर प्रहरी सञ्चालन तथा व्यवस्थापन सम्बन्धी ऐन, २०८१

प्रस्तावनाः मादी नगरपालिकाले निर्माण गरेका ऐन कार्यविधि, नीति नियम तथा निर्देशिकाहरुको सफल कार्यान्वयन र नियमन गर्न गराउन नगर प्रहरी सम्बन्धी ऐन निर्माण गरी करार सेवामा नगर प्रहरी नियुक्ति गर्न वाञ्छनीय भएकोले नेपालको संविधानको धारा २२६ उपधारा (१) र स्थानीय सरकार सञ्चालन ऐनको दफा १०२ को उपदफा (१) बमोजिमको अधिकार प्रयोग गरी सभाले नगर प्रहरी सञ्चालन तथा व्यवस्थापन सम्बन्धी ऐन, २०८१ बनाई जारी गरिएको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः

(क) यो ऐनको नाम "नगर प्रहरी सञ्चालन तथा व्यवस्थापन सम्बन्धी ऐन, २०८१" रहेको छ।

(ख) यो ऐन मादी नगर सभाले पारित गरी राजपत्रमा प्रकाशित गरेपछि लागू हुनेछ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमाः

(क) "नगरपालिका" भन्नाले मादी नगरपालिका सम्झनु पर्छ।

(ख) "कार्यपालिका" भन्नाले मादी नगरपालिकाको कार्यालयलाई सम्झनु पर्छ।

(ग) "नगर प्रहरी" भन्नाले मादी नगरपालिकाबाट नियुक्त प्रहरी कर्मचारीलाई सम्झनु पर्छ।

(घ) "आर्थिक वर्ष" श्रावण १ गते देखि शुरु भई आषाढ मसान्तमा समाप्त हुने अवधिलाई सम्झनुपर्छ

(ङ) "कार्यालय" भन्नाले नगर कार्यपालिकाको कार्यालय र सो अन्तर्गत नगर प्रहरी सञ्चालन सम्झनु पर्छ।

(च) "नगर सभा" भन्नाले मादी नगरपालिकाको नगर सभा सम्झनु पर्छ ।

(छ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतको रुपमा काम गर्न खटाईएको अधिकृतलाई सम्झनु पर्छ ।"

(ज) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले नगर कार्यपालिकाले समय समयमा निर्णय गरी तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(झ) "जवान" भन्नाले अधिकृत बाहेकका प्रहरी सम्झनु पर्छ ।

(ञ) "समिति" भन्नाले संस्थागत क्षमता विकास तथा सुशासन समिति सम्झनु पर्छ।

(ट) "नगर प्रहरी ऐन" भन्नाले नगर सभाले पारित गरेको नगर प्रहरी ऐन, २०८१ लाई सम्झनु पर्छ ।

## परिच्छेद – २

## नगर प्रहरी सेवा गठन रेखदेख र नियन्त्रण

३. नगर प्रहरी सेवाको गठनः (१) नगरपालिकामा एक नगर प्रहरी सेवा समूह रहने छ । नगर प्रहरी सेवाको गठन र त्यसमा रहने नगर प्रहरी कर्मचारीहरुको संख्या संगठानिक संरचना र कर्मचारीको दरवन्दी दफा ४ को बमोजिम हुनेछ ।

४. नगरपालिकामा रहने नगर प्रहरीको पद र तहः (१) नगर प्रहरीमा रहने नगर प्रहरीको पद र तह नगर सभाबाट स्वीकृत संगठानिक संरचना र कर्मचारीको दरवन्दी भए बमोजिम हुनेछ।

(२) नगरपालिकाले प्रत्येक पदको कार्य विवरण बनाई लागू गरिनेछ र त्यसरी लागू भएको कार्य विवरणमा नगर प्रहरीको काम, कर्तव्य, जिम्मेवारी, उत्तरदायित्व तथा अधिकार समेत उल्लेख गरिनेछ ।

## परिच्छेत-३

## नगर प्रहरी कर्मचारीको काम, कर्तव्य र अधिकार

५. नगर प्रहरी कर्मचारीको काम, कर्तव्य र अधिकार देहय बमोजिम हुनेछः

(१) नगरपालिकाको नीति, नियम, निर्देशिका, कार्यविधि, मापदण्ड तथा निर्णयको कार्यान्वयन गर्ने,

(२) नगरपालिकाको नाममा रहेको चल अचल सम्पत्तिको सुरक्षा र संरक्षण गर्ने,

(३) स्थानीयस्तरमा हुने सभा समारोह, परम्परा तथा जात्रा चाडपर्वमा आवश्यक सुरक्षाको प्रबन्ध मिलाउने,

(४) स्थानीय हाटबजार तथा पार्किङ्गस्थलको रेखदेख र व्यवस्थापन गर्ने,

(५) नगर सरसफाई सम्बन्धी मापदण्ड कार्यान्वयनका लागि आवश्यक सुरक्षाको प्रवन्ध मिलाउने,

(६) न्यायिक समितिले गरेका मिलापत्र तथा निर्णय कार्यान्वयन गर्ने गराउने कार्यमा सहयोग गर्ने,

(७) सार्वजनिक ऐलानी र प्रति जग्गा, सार्वजनिक भवन, धार्मिक तथा सांस्कृतिक सम्पदा र भौतिक पूर्वाधारको संरक्षण र सुरक्षा गर्ने,

(८) विपद् व्यवस्थापन सम्बन्धी खोजी, उद्धार, राहत तथा पुनस्थापना सम्बन्धी कार्य गर्ने,

(९) नगर क्षेत्रमा राखिएको अनाधिकृत विज्ञापन तथा होडिङ्ग बोड नियन्त्रण र व्यवस्थापन गर्ने गराउने,

(१०) छाडा चौपायको नियन्त्रण तथा व्यवस्थापन सम्बन्धी कार्य गर्ने,

(११) मापदण्ड विपरित अनधकृत निर्माण गर्न लागेका निजी संरचनाहरुको रोकथाम तथा नियन्त्रण गर्ने,

(१२) सार्वजनिक आवागमन बाधा पुर्याउने गरी बजार क्षेत्रमा राखिएको सामाग्रीहरु तत्काल हटाउने व्यवस्था मिलाउने।

(१३) सार्वजनिक जग्गा बाटो, पुल-पुलेसा, मठ-मन्दिर, ढल, नाला, चोक, पोखरी, चौतारी, खोला मिचि कसैले घर कम्पाउण्ड टहरा वा त्यस्तै अन्य निर्माण कार्य भए गरेको सम्बन्धमा नगर प्रमुखको आदेशानुसार गर्ने गराउने।

(१४) नगर क्षेत्रमा अनियमित रुपमा नक्शा पास नगरी निर्माण भएका संरचनाहरुको कार्यपालिकाको निर्देशन जाँचबुझ र कारवाही गर्ने।

(१५) नगरपालिकामा रहेका भुस्याहा कुकुरको नियन्त्रण र मृत्यु भएका वेवारिसे मानिहरुको नेपाल प्रहरीको समन्वयमा व्यवस्थापन गर्ने ।

(१६) नगर क्षेत्रमा रहेका खतरा जन्य घर, पर्खाल, टहरा, बोट विरुवाको व्यवस्थापन गर्नका लागि नगरपालिकामा सिफारिस गर्ने ।

(१७) नगरपालिकामा दर्ता नभई सञ्चालनमा रहेका व्यापार व्यवसायलाई दर्ता तथा नवीकरण गरे नगरेको सम्बन्धमा अनुगमन गरी दर्ता तथा नवीकरण गर्न लगाउने ।

(१८) नगरपालिका भित्र प्रचलित कानून वा नगरपालिकाको अनुमति बेगार राखिएका व्यानर, विज्ञापन, होडिङ्ग बोड, पोष्टर, भित्ते लेखन लगायतका सामग्री हटाउनका लागि नगरपालिकामा सिफारिस गर्ने ।

(१९) नगरपालिकाको आयोजनामा हुने सभा, सम्मेलन, तालिम लगायतका कार्यमा आवश्यक शान्ति सुरक्षाको व्यवस्था मिलाउने ।

(२०) नगरपालिका भित्र रहेका उद्योग होटल, रेष्टुरेन्ट, गेष्ट हाउस, व्युटिपार्लर लगायतका व्यवसायहरु प्रचलित कानूनले तोकेको मापदण्ड अनुरुप भए नभएको अनुगमन गरी कानून विपरित सञ्चालनमा रहेको पाइएमा कारवाहीको लागि नगरपालिकामा सिफारिस गर्ने ।

(२१) नगर क्षेत्र भित्र रहेका सार्वजनिक तथा निजी स्थानमा जुवा तास खेल्ने र मदिराजन्य पदार्थको विक्री वितरणमा नगरपालिकाको निर्णयानुसार र नियन्त्रण र व्यवस्थापन गर्ने कार्यमा सहयोग गर्ने ।

(२२) सार्वजनिक स्थल लगायतका क्षेत्रहरुमा अरुलाई बाधा पुग्ने गरी लाउड-स्पिकर, रेडियो लगायतका ध्वनी प्रदुषण गर्ने कार्यलाई नियन्त्रण गर्ने ।

(२३) नगर क्षेत्रमा आइपर्ने दैवी प्रकोप, महामारी लगायतका कार्यमा त्तकाल खटिई आवश्यक रोकथामको व्यवस्था गर्ने र दमकलको व्यवस्थापन गर्ने ।

(२४) नगरपालिकाको सेवा प्रदायक प्रमुख प्रशासकीय भवन, नगर अस्पताल लगायत सार्वजनिक निकायको सुरक्षा गर्ने ।

## परिच्छेद-४

## तह विभाजन र पदपूर्ति

६. नगर प्रहरीको दरवन्दी सिर्जना प्रकृयाः (१) नगरपालिकामा रहने नगर प्रहरीको दरवन्दीहरुको सिर्जना तथा खारेजी नगरसभाको निर्णय बमोजिम हुनेछ ।

(२) नगर प्रहरीको दरबन्दीको सिर्जना गर्दा त्यस्तो दरबन्दीमा रहने पदले गर्ने कार्य विवरण तयार गरी नगर सभामा पेश गर्नु पर्नेछ

**७. नगर प्रहरीमा रहने पदहरुः** (१) नगर प्रहरीको देहाय बमोजिमका पदहरु रहनेछन् ।

क) नगर प्रहरी सहायक निरीक्षक (सहायकस्तर पाचौं)

ख) नगर प्रहरी हवल्दार (सहायकस्तर चौथो)

ग) नगर प्रहरी जवान सहयोगी (सहायकस्तर दोस्रो)

घ) दमकल चालक

**८. नगर प्रहरी नियुक्तिः** (१) नगर प्रहरीको नियुक्ति गर्न देहाय बमोजिम पदपूर्ति समिति रहनेछ।

क) प्रमुख प्रशासकीय अधिकृत - संयोजक

ख) नगर भित्र रहेको सुरक्षा निकायको प्रमुख - सदस्य

ग) प्रशासन शाखा प्रमुख - सदस्य सचिव

(२) उपदफा(१) बमोजिम नगर प्रहरी नियुक्ति नगर प्रहरी पदपूर्ति गर्ने सम्बन्धी अनुसार गरिनेछ।

**९. उम्मेद्वारको योग्यताः** (१) नगर प्रहरी पदको लागि न्यूनतम योग्यता देहाय बमोजिम हुनेछ।

क) २१ वर्ष पूरा भई ३५ वर्ष ननाघेको । भुतपूर्वको हकमा ४० वर्ष र महिलाको हकमा ४० वर्ष ननाघेको हुनेछ ।

ख) सहायक निरीक्षक पदको हकमा मान्यता प्राप्त विश्वविद्यालयबाट प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण वा नेपाली सेनामा वा नेपाल प्रहरी वा शसस्त्र प्रहरीवहाल हुदाँको सहायक निरीक्षक पदमा वा सो भन्दा माथिको पद भएको हकमा ४५ वर्ष ननाघेको ।

ग) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा सजाय नपाएको ।

घ) कुनै राजनीतिक दलको सदस्य नरहेको ।

ङ) प्रचलित कानून बमोजिम शारीरिक रुपमा तन्दुरुस्त रहेको ।

च) स्वीकृत चिकित्सकबाट निरोगिताको प्रमाणपत्र ।

छ) नेपाली नागरिक।

ज) जवानको शैक्षिक योग्यता न्युनतम कक्षा १० उर्तिण हुनुपर्नेछ ।

(२) (ख) अनुसारको पद भएका नगर प्रहरीरुमाध्येबाट योग्यता र अनुभवको आधारमा पदपूर्ति समितिले सिफारिसमा कार्यपालिकाले नियुक्ति गर्न सक्नेछ ।

**१०) पदपूर्ति समितिको काम कर्तव्य र अधिकारः** (१) पदपूर्ति समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क) पाठ्यक्रम तर्जुमा हेरफेर तथा परिमार्जन गर्ने ।

ख) विज्ञापन प्रकाशन गर्ने ।

घ) शारीरिक तन्दुरुस्ती परीक्षा सञ्चालन गरी लिखित परीक्षाको लागि सङ्ख्या निर्धारण गरी नतिजा प्रकाशन गर्ने ।

**११. सूचनाको म्यादः** (१) पदपूर्तिका लागि विज्ञापन गर्दा दरखास्त पेश गर्न १५ दिनको म्याद दिई सूचना प्रकाशित गर्नुपर्नेछ ।

१२. <u>परीक्षणकालः</u> (१) नगरपालिकाले नगरप्रहरी संग करार सम्झैता गर्दा निजलाई छ महिना परीक्षणकालमा रहने गरी गर्न सक्नेछ र परीक्षणकालमा प्रहरीको काम सन्तोषजनक नदेखिएमा त्यस्तो नगर प्रहरीसँगको सम्झौता अन्त्य गर्न सक्नेछ । त्यसरी करार अन्त्य नभएको नगर प्रहरीको परीक्षणकाल समाप्त भएपछि करार सम्झौता स्वत सदर भएको मानिनेछ ।

## परिच्छेद-५
## <u>बिदा</u>

१३<u>. बिदाः</u> (१) नगर प्रहरी कर्मचारीले अधिकारको रुपमा बिदाको दावी पाउने छैन् ।
(२) कामको अनुकूल हेरि बिदा दिने अधिकारीले आफ्नो तजवीजबाट बिदा दिन अथवा नदिन पनि सक्नेछ साथै आवश्यक परेमा बिदामा बसेको नगर प्रहरी कर्मचारीलाई निजको स्वीकृत बिदा रद्द गरी बोलाई काममा लगाउन सक्नेछ ।

(३) <u>बिदाको किसिमहरुः</u> (१) नगर प्रहरीले देहाय बमोजिमको बिदा पाउनेछन् ।

क) भैपरी आउने र पर्व बिदा
ख) किरिया बिदा
ग) प्रसुती बिदा
घ) बिरामी बिदा
ङ) सट्टा बिदा

१४. <u>बिदा स्वीकृत नगराई घर बस्ने नगर प्रहरी कर्मचारीलाई सेवाबाट हटाउनेः</u> (१) यस ऐन बमोजिम बिदा स्वीकृत नगराई बस्ने नगर प्रहरी कर्मचारी कार्यलयमा हाजिर हुन पाउने छैन ।

१५. <u>पर्व र भैपरी बिदाः</u> (१) नगर प्रहरी कर्मचारीले प्रत्येक वर्ष भैपरी र पर्व गरी १२ दिन बिदा पाउनेछन् ।
(२) पर्व र भैपरी आउने बिदा साधारणतः एक पटकमा ३ दिनमा नबढाई लिन पाइने छ ।
(३) एक आर्थिक वर्षको पर्व र भैपरी आउने बिदा अर्को बर्षलाई संचित हुने छैन ।
(४) पर्व र भैपरी बिदा बसेका नगर प्रहरी कर्मचारीहरुले पूरा तलब र भत्ता पाउनेछ ।

१६. <u>किरिय बिदाः</u> (१) नगर प्रहरी कर्मचारीले आफैं किरियामा बस्नु परेमा कुल, धर्म र परम्परागत संस्कार अनुसार १५ दिन किरिया बिदा पाउनेछ ।
(२) यस्तो किरिया बिदा बस्ने नगर प्रहरी कर्मचारीले पूरा तलब र भत्ता पाउनेछ ।

१७. <u>प्रसुतिबिदाः</u> (१) महिला नगर प्रहरी कर्मचारी गर्भवती भएमा निजले सुत्केरीको अघिपछि गरी ९८ दिन प्रसूति बिदा पाउनेछ ।
(२) प्रसूति बिदा बस्ने महिला नगर प्रहरी कर्मचारीले तलब र भत्ता पाउनेछ ।
(३) सीमा नरहेको ।

१८. <u>विरामी बिदाः</u> (१) नगर प्रहरी कर्मचारीले प्रत्येक बर्षिक १२ दिन पारिश्रमिक सहितको विरामी बिदा पाउने छन् । लगातार तीन दिन भन्दा वढी माग गर्ने प्रहरीले मान्यता प्राप्त

चिकित्सकसँग जाँच गराएको प्रमाण पेश गर्नु पर्नेछ । उक्त विरामी विदा अर्को बर्षलाई संचित हुने छैन।

१९. सट्टा बिदाः (१) सट्टा बिदा रोक्न नहुने वा लगातार गर्नु पर्ने काममा संलग्न नगर प्रहरीले साप्ताहिक बिदा वा सार्वजनिक विदाको दिन काम गरेवापत सट्टा बिदा पाउने दिन सकिनेछ।

२०. बिदा दिने अधिकारीः (१) नगर प्रहरीलाई दिने सम्पूर्ण बिदाहरु प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृता कर्मचारीले स्वीकृत गर्नेछन् ।

२१. कार्यलयमा अनुपस्थित हुने उपर कारवाहीः (१) विदा स्वीकृत नगराई कार्यालयमा अनुपस्थित हुने नगर प्रहरी कर्मचारीलाई गयल र तलबकट्टी गरी विभागीय सजाय समेत गर्न सकिनेछ । यसरी गयल भएको सेवा अवधिमा गणना हुने छैन ।

२२. बिदाको अभिलेखः (१) बिदाको अभिलेख सम्बन्धमा नगर प्रहरी प्रमुखले नगर प्रहरी कर्मचारीको बिदाको अभिलेख किताब खडा गरी लगत राखे र प्रशासन शाखालाई १५ दिन भित्र अनिवार्य लिखित जानकारी दिनुपर्नेछ ।

२३. युनिफर्म, दजार्नी र नगर प्रहरीको पोसाकः नगर प्रहरी सञ्चालन कार्यविधि अनुसार हुनेछ ।

## परिच्छेद-६

## अनुशासन तथा आचरण

२४. नगर प्रहरीको अनुशासन तथा आचरण सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद-७

## सजाय र पुनरावेदन

२५. सजाय उचित र पर्याप्त कारण भएमा नगर प्रहरी कर्मचारीलाई देहायको सजाय गर्न सकिनेछ।

क) नसिहत दिने,

ख) तलब वृद्धि रोक्का गर्ने,

ग) निलम्वन गर्ने,

घ) लापरवाही गरी नगरपालिकालाई नोक्सानी भएको सम्पूर्ण वा आंशिक रुपमा तलब भत्ताबाट कट्टी गरी असुलगर्ने,

ङ) भविष्यमा स्थानीय तहमा अयोग्य नठहरिने गरी नोकरीबाट बर्खास्त गर्ने,

च) भविष्यमा स्थानीय तहमा अयोग्य ठहरिने गरी नोकरोबाट बर्खास्त गर्ने,

२६. नसिहत दिनेः (१) प्रमुख प्रशासकीय अधिकृतले दिएको आदेशको अवज्ञा गर्ने वा तोकिए बमोजिमको आफ्नो काम कर्तव्य पूरा नगर्ने नगर प्रहरी कर्मचारीलाई नसिहत दिईनेछ ।
(२) उपदफा (१) बमोजिम १ बर्षमा ३ पटक भन्दा बढी नसिहत पाएका नगर प्रहरी कर्मचारीलाई प्रक्रिया पूरा गरी सेवाबाट हटाइनेछ ।

२७. <u>तलब वा बढुवा रोक्ने:</u> नगर प्रहरी कर्मचारीको काम सन्तोषजनक नभएमा सजाय गर्ने अधिकारीले निजको तलब वा पदोन्नति रोक्का गर्न सक्नेछ ।

२८. <u>ग्रेड तथा तलब बृद्धि रोक्का गर्ने:</u> (१) कुनै नगर प्रहरी केमचारीले देहाय बमोजिमको कसूर गरेमा निजको ग्रेड तथा तलबवृद्धि रोक्का गर्ने छ ।

क) सन्तोषजनक काम नगरेमा,

ख) अनुशासनहीन काम गरेमा,

ग) आचरण सम्बन्धी ऐन उलङ्घन गरेमा,

घ) नगरपालिकाले दिइको आदेश निर्देशन नमानेमा वा कार्यान्वयन नगरेमा,

ङ) मनासिब कारण विना वा बिदा स्वीकृत नगराई बिदामा बसेमा,

च) तोकिए बमोजिमको जिम्मेवारीमा लापरवाही गरेमा वा पूरा नगरेमा,

२९. <u>सेवाबाट हटाउने वा बर्खास्त गर्ने:</u> (१) नगर प्रहरी कर्मचारीले देहायका बमोजिमको कसूर गरेमा सेवाबाट हटाउन वा बर्खास्त गर्न सक्नेछ ।

क) अयोग्यताको कारणले आफ्नो पदीय जिम्मेवारी पूरा गर्न नसकेमा,

ख) राजनीतिमा भाग लिएमा,

ग) बराबर अनुशासनहीन काम गरेमा,

घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट अपराधी प्रमाणित भएमा,

ङ) कार्यालय समयमा मादक पदार्थ सेवन गरेमा,

च) प्रचलित कानून बमोजिम भ्रटाचारजन्य कसूर गरेमा,

छ) पदीय जिम्मेवारी अनुसारको आचरण नगरेमा,

ज) आचरण सम्बन्धी नियमहरु पटकपटक उल्लङ्घन गरेमा,

३०. <u>सफाई पेश गर्ने मौका:</u> (१) नगर प्रहरी कर्मचारीलाई सजाय गर्ने र गराउने आदेश दिने।

(२) नगर प्रहरी कर्मचारीलाई सजायको आदेश दिनु अघि कारवाही गर्न लागिएको विषय र सजाय स्पष्ट खुलाई सफाइ पेश गर्ने मौका दिनुपर्नेछ । त्यस्तो सफाइ पेश गर्ने आदेश दिँदा लगाइएका आरोप स्पष्ट रुपले किटिएको हुनुपर्नेछ । त्यस्तो नगर कर्मचारीलाई सजाय गर्ने अधिकारीले तोकिएको म्यादभित्र आफ्नो सफाइ र प्रस्तावित सजायको लिखित रुपमा स्पष्टीकरण पेश गर्नुपर्नेछ र तर भागी पत्ता नलागेको वा सम्पर्क स्थापित गर्न असम्भव भएको नगर प्रहरी कर्मचारीको सम्बन्धमा यस ऐन बमोजिमको ऐनको रीत पुर्याउनु पर्ने छैन ।

(३) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट अपराधी प्रमाणित भइसकेको आधारमा कुनै नगर प्रहरी कर्मचारीलाई सजाय दिनुपर्ने भएमा सजाय गर्ने अधिकारीले निजलाई गर्न लागेको सजायको बारेमा सूचना सम्म दिनुपर्नेछ ।

(४) सफाइ पेश गर्ने मौका दिन मनासिव नपर्ने भएमा सो कुराको टिप्पणी खडा गरी त्यस्तो नगर प्रहरी कर्मचारीलाई सफाइ पेश गर्ने मौका दिनु पर्नेछैन ।

(५) सजाय गर्ने अधिकारीले आवश्यक ठानेमा स्वयम् वा अन्य कुनै अधिकृतद्वारा जाँचबुझ गराउन सक्नेछ । जाँचबुझ गर्ने अधिकारीले आवश्यकतानुसार सम्बन्धित नगर प्रहरी कर्मचारी समेत बुझी कारण सहित आफ्नो ठहरको प्रतिवेदन तथा भएको सबुत प्रमाण दाखिला गर्नुपर्नेछ।
(६) कुनै फौजदारी अभियोगमा गिरफ्तार भई थुनिएको नगर प्रहरी कर्मचारी थुनिएको अवधिभर स्वतःनिलम्बित हुनेछ ।

३१. <u>सजायको आदेश दिनेः</u> जाँचबुझको काम समाप्त भएपछि सम्बन्धित नगर प्रहरी कर्मचारीलाई स्पष्टीकरण माग गरेकोमा तोकिएको समयभित्र स्पष्टीकरण नदिएमा वा स्पष्टीकरण सन्तोषजनक नभएमा प्रमुख प्रशासकीय अधिकृतले सजाय दिन सक्नेछ र सजायको आदेशको एक प्रति निजलाई दिनुपर्नेछ ।

## परिच्छेद-८

## <u>वीमा, उपदान सम्बन्धी व्यवस्था</u>

३२. <u>औषधी उपचार वीमा गराउने पर्नेः</u> (१) नगरपालिकाले प्रत्येक नगर प्रहरीको कम्तीमा वार्षिक एक लाख रुपैयाँ बरावरको औषधी उपचार विमा गराउनु पर्नेछ ।
(२) उपदफा (१) बमोजिमको वीमा गर्दा लाग्ने वीमा शुल्क नगरपालिकाले र नगर प्रहरीले आधा-आधा व्यहोर्नु पर्नेछ ।
३३. दुर्घटना वीमा गराउनु पर्नेः (१) नगरपालिकाले प्रत्येक नगर प्रहरीको जुनसुकै प्रकारको कामको सिलसिलामा हुने दुर्घटनालाई समेटने गरी कम्तीको सात लाखको दुर्घटना वीमा गराउनु पर्नेछ ।
(२) उपदफा (१) बमोजिमको वीमा आर्थिक वर्षको पहिलो महिनादेखि लागू हुनेछ।

३४. <u>राशन भत्ताः</u> (१) नगर प्रहरीलाई मासिक राशन भत्ता कार्यपालिकाले तोके बमोजिम हुनेछ।

## परिच्छेद-९

## <u>तलब, भत्ता</u>

३५. <u>तलब भत्ताः</u> (१) नगर प्रहरी कर्मचारीले हाजिरी भएको मितिदेखि तलब भत्ता पाउने छ।
(२) उपदफा (१) बमोजिमको तलबभत्ता पदहरुको आधारमा कार्यपालिकाले तोके बमोजिम हुनेछ।

३६. <u>चाडपर्व खर्चः</u> (१) आफ्नो धर्म, सस्कृति तथा परम्परा अनुसार मनाइने चाडपर्वको लागि प्रत्येक नगर प्रहरीले खाईपाई आएको एक महिनाको आधारभूत पारिश्रमिक बरावरको चाडपर्व खर्चको रुपमा पाउनेछ ।

## परिच्छेद-१०
## तालिम

३८. **तालिमको व्यवस्थाः** (१) नयाँ नियुक्ति हुने नगर प्रहरी कर्मचारीलाई बढीमा १५ दिनको तालिम दिई कामकाजमा खटाइनेछ ।

(२) उपदफा (१) बमोजिमको तालिमको अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद-११
## पोशाक सम्बन्धी व्यवस्था

**३९. पोशाक भत्ताः** (१) नगर प्रहरीको पोशाकको रङ, किसिम र अन्य विवरण मादी नगर प्रहरी कार्यविधि अनुसार हुनेछ ।

(२) उपदफा (१) बमोजिम पोशाकको लागि आवश्यक भत्ता कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

(३) उपदफा (२) बमोजिमको भत्ता वर्षको एक पटक मात्र उपलब्ध गराइनेछ ।

## परिच्छेद-१२
## विविध

४०. **ऐन संशोधनः** यस ऐनको आवश्यक संशोधन तथा थपघट मादी नगरपालिकाको नगर सभाले गर्न सक्नेछ ।

४१. **नियम तथा कार्यविधि बनाउन सक्नेः** (१) यस ऐन बमोजिम नगर कार्यपालिकाले आवश्यक नियमावली तथा कार्यविधि बनाई लागू गर्न सक्नेछ ।

४२. **संक्रमणकालिन व्यवस्थाः** (१) यो ऐन लागु हुन भन्दा अगाडि नियुक्त भएका नगर प्रहरीहरु भए यसै ऐन अनुसार नियक्ति भएको मानिनेछन् ।

४३. **खारेजी तथा बचाउः** मादी नगरपालिकाको यस ऐन प्रचलित नेपालको संविधान, संघीय कानून तथा प्रदेशिक कानूनसँग बाझिएमा बाझिएको हदसम्म बदर हुनेछ । यस अगाडी नगरप्रहरी सम्बन्धमा नगरपालिकाले गरेका/भएका कामहरु यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।

आज्ञाले
भक्त बहादुर भट्टराई
प्रमुख प्रशासकीय अधिकृत